# विज्ञ भन्छन - "प्रस्तावित बाफिया जस्ताको तस्तै पारित भए बैंकिगं क्षेत्र धरासायी बन्छ"

बैंक तथा वित्तीय संस्थासम्बन्धी नयाँ विधेयक जस्ताको तस्तै पारित भएमा बैंक क्षेत्र धरासायी बन्न सक्ने यस क्षेत्रका विज्ञहरुले चिन्ता व्यक्त गरेका छन् ।  विज्ञहरुले  संचालकको कार्यकाल तोक्ने, नियामक निकायलाई शसक्त बनाउने, संस्थागत सुशासन कायम गर्ने कुरामा कसैले पनि विवाद सृजना गर्नु  नहुने धारणा राखेका हुन्। साथै उनीहरुले नेपाल राष्ट्र बैंकको नियामक भूमिकालाई कमजोर पार्न नहुनेमा जोड दिएका छन् ।




बैंक तथा वित्तीय संस्थासम्बन्धी नयाँ विधेयकका विद्यमान प्रबन्ध र देशको वित्तीय क्षेत्रको भावी दिशाको सन्दर्भमा साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भाइरोनमण्ट (सावती) तथा नेपाल आर्थिक संघले आयोजना गरेको छलफलका सहभागीहरुले उक्त धारण राखेका हुन् ।

नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर विजयनाथ भट्टराईले प्रस्तावित विधेयकले केही विषयमा सकारात्मक प्रबन्ध गरेको भएपनि स्वतन्त्र संचालकका सन्दर्भमा गरिएको प्रबन्ध उपयुक्त नभएको बताए । *"नेपालमा बैंक संचालन गर्नेले व्यापार/ व्यावसाय गर्दा तथा नियामक निकायका कर्मचारी तथा तिनका परिवार निजी बैंकसँग आबद्ध हुँदा संस्थागत सुशासनमा असर परेको छ"* भट्टराईले भने । *"हाम्रो देशको वित्तीय क्षेत्रको अवस्था र कार्यकुशलतालाई हेरेर प्रबद्र्धक शेयरलाई साधारण शेयरमा रुपान्तरण गर्न १० वर्ष आवश्यक देखिन्छ" भट्टराईले भने* ।

पूर्व अर्थमन्त्री रामशरण महतले अहिलेको वित्तीय क्षेत्र यहाँसम्म विस्तार हुनुमा आफूहरुले विभिन्न समयमा गरेको  नीतिगत पहलको उपज रहेको दाबी गर्दै वित्तीय क्षेत्रलाई राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा भएका परिवर्तनअनुकुल समेत बनाउन परिमार्जन गरिएको बताए । आफ्नो व्यावसायिक सरोकारका भएका विषयमा हुने निर्णय प्रक्रियामा भने सभासद् सहभागी हुनु उपयुक्त नहुने डा· महतले धारणा राखे ।

अहिले उपसमितिले परिमार्जन गरेको विधेयकका विभिन्न प्रबन्धहरु थप परिमार्जन गर्नुपर्ने आवश्यकता देखिएको बताउदै डा· महतले नेपाल राष्ट्र बैंकको नियामक भूमिकालाई भने कमजोर पार्न नहुने बताए ।

नेपाल आर्थिक संघका अध्यक्ष प्रा· विश्वम्भर प्याकु¥यालले संस्थागत सुशासन कायम गर्नका लागि विद्यमान ऐन कानूनहरुमा समेत विभिन्न प्रबन्ध रहेको उल्लेख गर्दै बदलिँदो परिस्थितिमा संस्थागत सुशासनका लागि छुट्टै ऐनको जरुरी देखिन थालेको धारणा राखे । *“संसदको निर्णय प्रक्रियामा आफनो व्यवसायिक लाभको विषयमा सभासद् स्वयं सहभागी हुनु उपयुक्त देखिँदैन”* प्रा· प्याकु¥यालले भने ।

नेपाल बैंकर्स संघका अध्यक्ष उपेन्द्र पौडेलले बैंक तथा वित्तीय संस्थाको संख्या बढ्दै गएपछि यस क्षेत्रमा केही समस्या आएको स्वीकार गर्दै उनले प्रस्तावित कानून भने ल्याउन ढिला गर्नु नहुने विचार राखे । संसदमा छलफलमा रहेको विधेयक जारी गर्दा नियामक निकायलाई कमजोर बनाउने पक्षमा आफूहरु नरहेकोसमेत जानकारी दिए । कर्मचारीलाई टे“ड युनियन अधिकार दिन आफूहरु तयार रहेको जानकारी दिँदै पौडेलले राजनीतिकरणलाई रोक्नुपर्ने बताए ।

सो कार्यक्रमा सांसद प्रकाशशरण महत र रामहरि खतिवडा' नविल बैंकका प्रमुख कार्यकारी अधिकृत शशिन जोशी' लुम्बिनी बैंकका प्रमुख कार्यकारी अधिकृत शोभनदेव पन्तलगायतले संचालकको कार्यकाल तोक्ने' नियामक निकायलाई शसक्त बनाउने' संस्थागत सुशासन कायम गर्ने कुरामा कसैले पनि विवाद सृजना गर्नु उपयुक्त नहुने धारणा राखे ।

विचाराधीन विधेयकका विषयहरु प्रस्तुत गर्दै सावतीका अध्यक्ष डा· पोषराज पाण्डेले बैंकिङ क्षेत्रले सर्वसाधारणको बचतको उपयोग गरेर व्यावसाय संचालन गर्ने तथा वित्तीय संकट आएमा समाधानका लागि उच्च लागत आवश्यक पर्ने भएकोले यो विषय सबैको सरोकार भएको विचार व्यक्त गरे । उनले वित्तीय क्षेत्र सुधारका लागि यस क्षेत्रमा पारदर्शिता' जवाफदेहिता' संस्थागत सुशासन' एवं बचतकर्ताको सुरक्षा अपरिहार्य रहेको धारणा राखे ।

*“परिमार्जित विधेयकमा वित्तीय संस्थाहरुले सम्पत्ति शुद्धिकरणको विषयमा नेपाल राष्ट्र बैंकलाई जानकारी दिनुपर्ने बाध्यकारी प्रबन्ध गरेको भएपनि अन्य खालका शंकास्पद कारोबार एवं संस्थाका संचालकहरुको सम्पत्ति विवरणहरु बुझाउनु पर्ने विषयमा भने कमजोर प्रबन्ध गरिएको देखिन्छ”*

डा· पाण्डेले अगाडि भने । *“प्रस्तावित विधेयक व्यावसायिक उत्तरदायित्वलाई प्रभावकारी बनाउन र वित्तीय पारदर्शिता सुनिश्चित गर्न चुक्नु हुँदैन ।”*

कार्यक्रममा आफ्नो धारणा राख्दै व्यवस्थापिका संसदको अर्थ समितिका सभापति प्रकाश ज्वालाले विधेयकको विषयमा छलफल गर्न बनाइएको उपसमितिले विज्ञहरुसँग विभिन्न चरणमा छलफल गरेको दावी गरे ।संसदीय समिति र उपसमितिअन्तर्गत भएका छलफल कुनै स्वार्थअन्तर्गत नभएको जानकारी दिँदै ज्वालाले संसदको पूर्ण बैठकले निर्देशन दिएमा विद्यमान विधेयकलाई परिमार्जन गर्न आफनो समिति तयार रहेको बताएका थिए ।